बैठक संख्याः ०८

मितिः२०८१/०८/०५

समयःदिउसोः ११:०० बजे

सिंजा गाउँपालिका नराकोट, जुम्ला

उपरोक्त मिति, समय र स्थानमा सिंजा गाउँपालिकाका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठक देहाय बमोजिम निर्णय गरियो

तपसिल

| सि.नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २ | उपाध्यक्ष | सितली रोकाया | | |
| ३ | वडा नं.१ अध्यक्ष | हरिचन्द्र आचार्य | | |
| ४ | वडा नं.२ अध्यक्ष | तिर्थ वड | | |
| ५ | वडा नं.३ अध्यक्ष | सुरथ बहादुर रावत | | |
| ६ | वडा नं.४ अध्यक्ष | रन्जित बुढा | | |
| ७ | वडा नं.५ अध्यक्ष | कृष्ण बहादुर रोकाया | | |
| ८ | वडा नं.६ अध्यक्ष | लाल बहादुर बुढा | | |
| ९ | कार्यपालिका सदस्य | राजपुरा दमाई | | |
| १० | कार्यपालिका सदस्य | रुपकेउडा विष्ट | | |
| ११ | कार्यपालिका सदस्य | दन्ता कामी | | |
| १२ | कार्यपालिका सदस्य | मागी वड | | |
| १३ | कार्यपालिका सदस्य | हरिचन्द्र सार्की | | |
| १४ | कार्यपालिका सदस्य | मोती दमाई | | |
| १५ | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | टेक बहादुर शाही | | |

कार्तिक महिनाको आय ब्याय निम्न

निर्णय नं १,प्रस्ताव नं १ मा छलफल गर्दा चालु आब २०८१।०८२ कार्तिक महिनाको आय ब्याय निम्न अनुसार सार्वजनिक गर्ने निर्णय गरियो ।

तपशिलः

खर्च तर्फः रु १३१७९६८।

आम्दानी तर्फः ०।

निर्णय नं २,प्रस्ताव नं २ मा छलफल गर्दा सिंजा गाउँपालिकाको चालु आब २०८१।०८२ को प्रथम चौमासिक अवधिको आय ब्यायको बिवरण देहाय बमोजिम सार्वजनिक गरी कार्यालयको web साईटमा राख्ने निर्णय गरियो ।

तपशिलः

खर्च तर्फः ६००६५५०३।

आम्दानी तर्फः ७६६१४०३३।४४

निर्णय नं ३,प्रस्ताव नं ३ मा छलफल गर्दा उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सामाजिक सशक्तिकरण कार्यक्रम संचालन कार्यबिधि २०८१ को दफा ८ को ब्यवस्था तथा अनूसुची २ बमोजिम तोकिए अनुसार लागत रकमको कम्तिमा पनी १५ प्रतिशत स्थानिय तहबाट ब्यहोर्ने र आब २०८१।०८२मा सम्पन्न हुनेगरी निम्न अनुसार योजना निम्न अनुसार लगतमा माग गरी पठाउने निर्णय गरियो ।

१)सिंजा गाउँपालिकाको वडा नं १ र २ मा कुल लागत रु ५००००००।मा होमस्टे संचालन गर्ने ।

२)सिंजा गाउँपालिका वडा नं ४,५ र ६ मा कुल लागत रु ५००००००।मा फापर,चिनो,कागुनो खेती बिस्तार गर्ने ।

निर्णय नं ४,प्रस्ताव नं ४ मा छलफल गर्दा सिंजा गाउँलिकाको वडा नं १देखी ६ सम्मका प्राबिधिक कर्मचारी लगायत वडामा रहने कर्मचारीहरुले अनिवार्य वडा कार्यालयमा हाजिर हुने र वडा सचिवको हकमा वडा अध्यक्षले अन्य करमचारी हरुको वडा सचिवले हाजिर प्रमाणित गरी पठाएमा मात्र तलव भत्ता भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ५,प्रस्ताव नं ५ मा छलफल गर्दा सिंजा गाउँ कार्यपालिकाबाट चालु आब २०८१।०८२ श्रावण देखी हाल सम्म भएका निर्णयहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं ६,प्रस्ताव नं ६मा छलफल गर्दा सिंजा गाउँपालिका भित्र संचालन भै अनुगमन प्रतिवेदन,प्राबिधि प्रतवेदन तथा वडा कार्यालयको सिफारिस अनुसार भुक्तानीको लागी माग भै आएका योजनाहरु कार्यपालिकाको बैठकमा फरफराका लागी छलफल गरेर मात्र भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ७,प्रस्ताव नं ७ मा छलफल गर्दा सिंजा गाउँपालिका द्वारा संचालित एम्बुलेन्स मिति २०८१।८।५ देखीनै लागुहुने गरी सिंजा गाउँपालिका स्वास्थ्य शाखाको जिम्मा दिएर संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ८ ,प्रस्ताव नं ८ मा छलफल गर्दा सिंजा गाउँपालिकाको आब २०८०।०८१मा सामान खरिद भएका नर रकम आभावका कारणले भुक्तानी हुन बाँकी १८ नं फाँटवारी प्रमाणित भएका तपशिल अनुसारका कार्यक्रमको भुक्तानी दिने निर्णय गरियो ।

| आब २०८०।०८१ मा भुक्तानी दिन बाँकीको बिवरण | | | | | |
|---|---|---|---|---|---|
| सिनं | भुक्तानी दिन बाँकी बिवरण | ठेगाना | बापत | रकम | |
| १ | जी.पी.स्टेशनरी एण्ड सप्लायर्स | चनानपा जुम्ला | सामान खरिद | ११४४६७९ | |
| २ | जी.पी.स्टेशनरी एण्ड सप्लायर्स | चनानपा जुम्ला | सामान खरिद | ७५९९२ | |
| ३ | विधान ट्रेडर्स एण्ड अर्डर सप्लायर्स | चनानपा जुम्ला | सामान खरिद | १६२१५५ | |
| ४ | न्यू जी.पी.ट्रेडर्स | चनानपाजुम्ला | सामान खरिद | १०७७४६ | |
| ५ | कम्प्युटर शप एण्ड केयर जोन | नेपालगंज बाँके | सामान खरिद | ८९६५० | |
| ६ | मालिका कम्प्यूटर एण्ड जनरल अर्डर सप्लायर्स | चनानपा जुम्ला | सामान खरिद | २९०८४९ | |
| ७ | सिम्रन अर्डर एण्ड सप्लायर्स | तिला गापा जुम्ला | ईन्धन खरिद | ७३२५० | |
| ८ | सिम्पल ईन्टेलिजेन्ट सिष्टम एण्ड टेक्नोलोजी | चनानपा जुम्ला | सामान खरिद | २९९४५ | |
| ९ | अहेव राजु भण्डारी | भाडगाउँ स्वास्थ्य ईकाई | ब्यवस्थापन | २४००० | |
| १० | सिंजा भ्याली मोवायल पसल एण्ड फोटो स्टुडियो | सिंजागापा नराकोट | सामान खरिद | ७२३२० | |
| ११ | बिहानी आर्ट एण्ड टेक्नोलोजी सेन्टर | चनानपा जुम्ला | छाप ब्यानर | २९००० | |
| १२ | निसा ट्रेडर्स | हिमा गपा १ | ईन्धन खरिद | | |
| १३ | जी.पी.स्टेशनरी एण्ड सप्लायर्स | चनानपा जुम्ला | १ नं वडा ब्यवस्थापन | ३७३८६७ | |
| १४ | ईन्फिनिटिभ ईन्टरप्राईजेज | नेपालगंज बाँके | १ नं वडा ब्यवस्थापन | ३१५७७० | |
| १५ | हमाल जनरल स्टोर | सिंजागापा नराकोट | ३ नं वडा ब्यवस्थापन | २८८५३० | |
| १६ | न्यू भैरव केदार जनरल स्टोर्स | सिंजा गापा ३ | ५नं वडा ब्यवस्थापन | ३४९९० | |
| | सिराज मेशिनरी सेन्टर | जुम्ला | मोटरसाईकल मर्मत | ३५९०० | |
| | जी.पी.स्टेशनरी एण्ड सप्लायर्स | जुम्ला | ६ नं वडा कार्यालय ब्यस्थापन | २८३६३ | |
| | बालाजु अटो पार्टस | सुर्खेत | सवारी साधन मर्मत | १४४५२६ | |
| | हमाल जनरल स्टोर | सिंजा गापा ३ | कार्पेट तथा अन्य | १७५५० | |
| | ललितजंङ्ग रोकाया | सिंजा गापा ३ | एम्बुलेन्स मर्मत | ३५००० | |
| | ललितजंङ्ग रोकाया | सिंजा गापा ३ | डीपिडि भाँडा पसल | २२५०० | |
| | ललितजंङ्ग रोकाया | सिंजा गापा ३ | सिविरमा दाउरा खरिद तथा अन्य | १५००० | |
| | होटेल दौंतरी | चनानपा ६ | अतिथि सत्कार | २२४८८० | |
| | आरती होटेल | सिंजा गापा ५ | वडा नं ५ को खर्च | १६७७५० | |
| | बामनीथान सुरेन्द्र होटेल | सिंजा गापा ५ | वडा नं ५ को खर्च | १७१८७० | |
| | मदनसिंह खत्री | सिंजा गापा ५ | वडा नं ५ को खर्च | ८६५९९ | |
| | HBअटो पार्टस | चनानपा ६ | मोटरसाईकल मर्मत | २५१००० | |
| | | | | | |
| | तयार गर्ने | पेश गर्ने | | सदर गर्ने | |

निर्णय नं ९,प्रस्ताव नं ९ मा छलफल गर्दा सिंजा गाउँपालिका वडा नं २ मा संचालि मावि चुलेलगाउँ र वडा नं ६ मा संचालित मावि जोडुमा नियुक्ती भएका शिक्षकहरुको बिधालयको आबश्यकता अनुसार बिषय परिवर्तन गरी पठन पाठन गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं १०,प्रस्ताव नं १० मा छलफल गर्दा सिंजा गाउँपालिका वडा नं ५ मा बस्ने बृष रावत र सिंजा गाउँपालिका वडा नं १ मा बस्ने राजबहादुर शाही क्यान्सर रोगबाट पिडित भएकाले पिडित ब्यक्तिहरुलाई प्रति ब्यक्ति रु २५०००।(पच्चिस हजार)आर्थिक सहयोग दिने निर्णय गरियो ।

निर्णय नं ११,प्रस्ताव नं ११ मा छलफल गर्दा सिंजा गाउँपालिकामा जलचर तथा जलिय जैविक बिबिधता संरक्षण सम्वन्धी बिधेयक मसौदा समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो

तपशिलः

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| वडा नं १,२ र३ नदि किनाराका वडा अध्यक्षहरु | सदस्य |
| कार्यपालिका सदस्यहरु दन्ता कामी राजपुरा दमाई मागी वड | सदस्य |
| बिधान समितिका संयोजक लालबहादुर बुढा | सदस्य |
| नारायण बेलवासे(USAID) | सदस्य |
| सिंजा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

निर्णय नं १२,पस्ताव नं १२ मा छलफल गर्दा सिंजा गाउँपालिकामा संचलित माबि जोडुमा कार्यरत शिक्षक रामचन्द्र रोकायालाई कैलास माबि फुङ्ग्रमा र कैलाश मावि फुङ्ग्रमा कार्यरत शिक्षक रामचन्द्र बुढालाई मावि जोडुमा पारस्परिक सहमति,बिधालय ब्यवस्थापन समितिको निर्णय तथा बिधालयको सिफारिस अनुसार काजमा राख्ने निर्णय गरियो ।

निर्णय नं १३,प्रस्ताव नं १३ मा छलफल गर्दा सिंजा गाउँपालिकामा संचालित ecd कक्षा संचालन भएका बिधालयहरुमा एक भन्दा बढी बालबिकास सहजकर्ता हरुलाई रिक्त रहेका बिधालयमा सरुवा गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १

सिंजा गाउँपालिकाको वडा नं.३ को फुटासिली आवि धितालिही भवनको अभावले विद्यार्थीको पठनपाठनमा असहज भएकाले चालु आ.व.२०८१/०८२ मा कर्णाली प्रदेश विशेष अनुदानबाट रु ५०,००,०००/- (पचास लाख मात्र) विनियोजन भएकोमा उक्त विद्यालयमा चार कोठे भवन आवश्यक रहेको हुँदा प्राविधिक लागत अनुमान अनुसार उक्त रकमले ४ कोठे भवन निर्माण नहुने भएकाले बाँकी थप हुने रकम गाउँपालिकाले व्यहोर्ने भएकोले उक्त भवनको बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं.२

सिंजा गाउँपालिकाको वडा नं.३मा रहेको फुटासिली आविको भवन निर्माणका लागि कर्णाली प्रदेश विशेष अनुदान शिर्षकमा रु ५०,००,००/- (पचास लाख)मात्र भएकोमा उक्त विद्यालयमा चार कोठे भवनको आवश्यकता रहेकाले सो रकमबाट भवन निर्माण नहुने हुदा प्राविधिक लागत अनुमान मा भ्याट सहितको रु १,०२,८९,४७५.३९/- आएकोमा कर्णाली प्रदेश विशेष अनुदान शिर्षकम प्राप्त रकम ५० लाख देखि बढी हुन आउने रकम रु ५२,८९,४७५.३९/- गाउँपालिकाले व्यहोर्ने प्रतिबद्धता सहित उक्त विद्यालयको बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।